कोल्हवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोल्हवी, बारा
मधेश प्रदेश,नेपाल

पत्र.सं : ०८०/०८१
चलानी न : २५१

मिति : २०८०।०५।१३

विषय : खाजा कार्यक्रम संचालन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु (सबै)
कोल्हवी नगरपालिका,
कोल्हवी (बारा) ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा विगतका आ.व.देखि नै नियमित रुपमा खाजा कार्यकम संचालन भईरहेको अवगत नै रहेको छ । यस शै.स.२०८० को लागि कार्यकम कार्यान्वय पुस्तिका २०८०।८१ स्वीकृत भई सार्वजनिक भएकोले उक्त पुस्तिकाको कियाकलाप नं.२.७.११.१ तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान उपकियालप र कार्यान्वयन प्रकियामा बुदाँ क देखि ट सम्मका प्रकिया अवलम्वन गरि सो कार्यकम मिति २०८०।०५।१७ गते देखि संचालन गर्न गराउन हुन अनुरोध गरिन्छ ।

पुनश्च्य : कार्यकम कार्यान्वय पुस्तिका २०८०।८१वेबसाईट www.cherd.gov.np मा उपलब्ध छ ।

बोधार्थ :
सूचना तथा संचार प्रविधि शाखा : आवश्यक सूचना सम्प्रेशन गरिदिनुहुन ।

२०८०।५।१३
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका

## २०७७




नेपाल सरकार
शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय माननीय मन्त्रीस्तरबाट २०७६।०५।२५ मा स्वीकृत

# सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ङ सामुदायिक सिकाइ केन्द्रहरूले गरेका नियमित कार्यहरूको प्रतिवेदन स्थानीय तहमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौचारिक तथा वैकल्पिक शिक्षा शाखामा पठाउने व्यवस्था मिलाउने।<br>**६.८. विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमका लागि अनुदान :**<br>यस कार्यक्रमका लागि Equity Index का आधारमा छनोट भएका अनुसूची ३ मा उल्लिखित स्थानीय तहले सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालयबाहिर रहेका बालबालिकाको विस्तृत सर्वेक्षण गर्ने। विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने सुनिश्चितता, सिकाइ निरन्तरता र सिकाइ उपलब्धि अभिवृद्धि लगायतका रणनीतिहरू तय गरी समता रणनीति कार्यान्वयन योजना (Equity Strategy Implementation Plan-ESIP) निर्माण गरी स्वीकृत गर्ने। स्वीकृत समता रणनीति कार्यान्वयन योजना अनुरूप विद्यार्थी भर्ना सुनिश्चितता, सिकाइ निरन्तरता तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने। यस कार्यक्रमका लागि स्थानीय तहलेसमेत बजेट थप गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षा सुनिश्चितता भएको घोषणा गर्ने। | | |

२.८.७ **क्रियाकलाप न. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क. दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरूमा एकरूपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्ने। खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्डबमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित Canteen बाट वा विद्यालयबाहिरबाट क्याटरिङको व्यवस्था गरेर वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउने। प्र.अ.को उक्त बैठकमा स्वास्थ्य र कृषि शाखाका प्रमुखलाई समेत सहभागी गराई आपसी सहयोग, समन्वय एवम् सहकार्यका क्षेत्र पहिचान गरी कार्ययोजना बनाउने र केन्द्रको वेबसाइटमा रहेको दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ का विषयमा जानकारी गराउने,<br>ख. सङ्घीय सरकारबाट तोकिए बाहेकका अन्य कक्षाका विद्यार्थीहरूका लागि स्थानीय तहले आफ्नै स्रोतबाट खाजा व्यवस्थापन गर्न सकिने छ।। यसरी स्थानीय तहबाट खाजा व्यवस्थापन भएको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय मापदण्ड शाखमा पठाउने,<br>ग. गुणस्तरीय खाजाको व्यवस्थापनका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहले थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक/गैरसरकारी सङ्घ संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गर्न सकिने छ। लागत साझेदारी गर्दा स्थानीय तहले विकास गरेको कार्यविधि र साझेदारी भएको कार्यक्रमको जानकारी शिक्षा विकास तथा | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>• सामुदायिक सिकाइ केन्द्र<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • दिवा खाजा प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• विद्यार्थीको हाजिरी<br>• प्रगति प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| समन्वय इकाइलाई गराउने,<br>घ. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रिय स्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रूपमा १८० दिनका दरले बजेट हिसाब भएको छ। स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रूपमा पूरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भएपश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने। यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने,<br>ङ. चालु आवको बजेट हिसाब हुँदा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्याको आधारमा भएको छ। अन्य कक्षाको सम्बन्धमा थप सूचनापश्चात कार्यान्वयन हुने व्यवस्था मिलाउने। विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. १५।– का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने।<br>च. विद्यालयले विद्यालय सञ्चालन भएका दिनमा विद्यार्थीलाई खाजा खुवाउने व्यवस्था मिलाउने।<br>छ. अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा बढी भीडभाड नहुने गरी विद्यालयले खाजा समय तोक्ने,<br>ज. दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने। ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने। स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बीलभरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने,<br>झ. विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने। सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने छ। उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने,<br>ञ. विश्व खाद्य कार्यक्रमअन्तर्गत विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेका जिल्लाका तोकिएका विद्यार्थीहरूका लागि उक्त संस्थाको मापदण्डअनुसार सबै विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध हुने छ। विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम भएका जिल्लाहरू : दार्चुला, बझाङ र बाजुराका विद्यालयहरू।<br>ट. दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना अनुसूची ४ मा राखिएको छ। सोहीअनुसार कार्यान्वयन गर्ने। अन्य व्यवस्थापकीय | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| पक्षहरू सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ र दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ का आधारमा गर्ने। | | |

२.८.८ **क्रियाकलाप न. ११.१.२.२५०० केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान**

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>
८.१. प्रत्येक स्थानीय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्थाअनुसार भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री, बालमैत्री, छात्रामैत्री एवम् वातावरण मैत्री गर्नु/गराउनुपर्ने छ। विद्यालय भौतिक सुधारसम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानी कार्यसम्पादन गर्ने । Social/Environmental Framework ले तोकेका वातावरणीय र सामाजिक पक्षहरूलाई ध्यान दिई कार्यान्वयन गर्ने। यसका लागि अनुसूची ९ लाई प्रयोग गर्ने।
<table>
<tr><th>उपक्रियाकलाप</th><th>इकाइ लागत</th></tr>
<tr><td>नमुना विद्यालय सुधार गुरुयोजना अनुरूप भौतिक निर्माण अनुदान</td><td>प्रति विद्यालय वार्षिक रू. ५० लाखदेखि रू. १ करोडसम्म</td></tr>
<tr><td>अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताको आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन</td><td>प्रति विद्यालय रू. ७५ लाख</td></tr>
<tr><td>चिनिया सहयोगमा निर्माणाधीन हिमाली आवासीय विद्यालयमा नेपाल सरकारको तर्फबाट निर्माण गर्नुपर्ने पूर्वाधार तयारी</td><td>प्रति विद्यालय रू. १५ लाख</td></tr>
</table>
८.२. विद्यालय भौतिक निर्माण : कार्यक्रम सञ्चालन गर्दा निम्नानुसारको प्रक्रिया अवलम्बन गर्नुपर्ने छ :<br>
क. लागत अनुमान स्वीकृत गर्ने : यस कार्यक्रमअन्तर्गत विद्यालय भौतिक निर्माण कार्यका लागि स्थानीय तहको प्राविधिकको सहभागितामा विद्यालयअनुसार छुट्टाछुट्टै लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्ने। लागत अनुमान तयार गर्दा जिल्लाको स्वीकृत दररेट तथा स्वीकृत सरकारी Norms को प्रयोग गर्नुपर्ने छ। लागत अनुमानमा स्थानीय तहबाट बजेट थप गर्न सकिने छ। नमुना विद्यालयको भौतिक निर्माण कार्य गर्दा स्वीकृत गुरुयोजनामा भौतिक निर्माण योजनामा प्राथमिकतामा रहेका ड्इङ डिजाइन निर्माण भएका तोकिएका कार्यक्रम छनोट गरी निर्माण गर्ने। यस कार्यक्रमअन्तर्गत कर्कटपाताले छाना छाउन चाहने विद्यालयहरूले अनिवार्य रूपमा ४ मि.मि. बाक्लो प्लाइउड वा कम्तीमा समान गुणस्तर भएका अन्य निर्माण सामग्रीको सिलिङ्गसहितको नयाँ भवन निर्माण गर्नुपर्ने छ। सिलिङ्ग लगाउन नचाहने विद्यालयहरूले छानामा कर्कटपाताको सट्टा गर्मी (Hot) र ठण्डी (Cold) रोक्न सक्ने क्षमता भएका यु.पि.भि.सि. लगायतका समान गुणस्तर भएका ३ मि.मि. वा सोभन्दा बाक्लो छाना छाउने सामग्री प्रयोग गरी छाना छाउन सक्ने छन्। विद्यालय भवन निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्नेगरी Ramp राखी ह्विल चियर (Wheel Chair) जानसक्ने गरी निर्माण गर्ने व्यवस्थासमेत मिलाउनुपर्ने
</td><td>
<u>मुख्य जिम्मेवार</u><br>
• गाउँपालिका/नगरपालिका<br>
• विद्यालय<br>
• प्राविधिक जनशक्ति (इन्जिनियर/सब इन्जिनियर)<br>
<u>सहजीकरण/समन्वय</u><br>
• शिक्षा विकास तथा समन्वय इकाइ
</td><td>
• स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या<br>
• निर्माण भएका गुरुयोजना सङ्ख्या<br>
• नापी किताव<br>
• ल्याब सामग्री उपलब्ध गराएका विद्यालय सङ्ख्या<br>
• कार्यसम्पन्न प्रतिवेदन
</td></tr>
</table>

*अनुसूची ४ : दिवा खाजाको मापदण्ड,गुणस्तरर व्यवस्थापनका नमुना*

क) **दिवा खाजाको सन्दर्भ :**

खाना भोक हटाउन मात्र नभई शरीरलाई आवश्यकपर्ने सूक्ष्म पोषक तत्त्व (Micronutrient) र बृहत् पोषक तत्त्व (Macronutrient) आपूर्तिका लागि अत्यावश्यक हुन्छ । निर्धारित मात्रामा आवश्यक पोषक तत्त्व भएको स्वच्छ खाना स्वस्थ्यकर मानीन्छ । स्वस्थ्यकर खानाले शारीरिक स्वास्थ्य कायम गर्न सहयोग गर्ने भएकाले खाना पोषक तत्त्वयुक्त सफा र स्वच्छ हुनुपर्छ । खानामा उपलब्ध हुनुपर्ने पोषकतत्त्वको मात्राको राष्ट्रिय मापदण्ड निर्धारण गरी सो मापदण्ड अनुरूपका खाना मात्र उपलब्ध गराउने प्रचलन संसारका धैरै देशहरूमा छ ।

विश्व स्वास्थ्य सङ्गठनले ४ देखि १० वर्ष उमेर समूहका बालबालिकाको उपभोग्य खानामा उपलब्ध हुनुपर्ने वृहत् पोषक तत्त्व (क्यालेरी, प्रोटिन र फ्याट) र सूक्ष्मपोषक तत्त्व (आयोडिन, आइरन, जिङ्क, भिटामिन ए र बि) को मात्रा र सोमध्ये दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा निर्धारण गरेको छ । सामान्यतया ४–९ उमेर समूहका बालबालिकाको उपभोग्य खाना तथा खाजाका उपलब्ध हुनुपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रासहितको दिवा खाजाको पोषणस्तरको मापदण्ड तपासिलको तालिका अनुरूपको अपनाउन सकिने ।

ख) दिवा खाजाको मात्रा

४-९ वर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यकपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रा हुनुपर्छ ।

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| **बृहत् पोषक तत्त्व** | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट (ग्राम) | ४८ | १४ |
| **सूक्ष्म पोषक तत्त्व** | | |
| आयोडिन (माइक्रोग्राम) | १२० | ३६ |
| आइरन (मिलिग्राम) | १७.८ | ५.४ |
| जिङ्क | ११.२ | ३.४ |
| भिटामिन ए | ३३ | ११ |
| भिटामिन बि | १२ | ४.१ |

*स्रोत: दैनिक अवश्यक पोषक तत्त्वको मात्रा विश्व खाद्य सङ्गठनवाट प्रकाशित सामग्री[1]बाट लिइएको ।*

**दिवा खाजा कार्यक्रम व्यवस्थापनका सम्भाव्य मोडलहरु:**

विद्यालयबाट दिवा खाजा व्यवस्थापनका सन्दर्भमा तपसिलका मोडलमध्ये उपयुक्त मोडल विव्यसबाट छनोट गरी कार्यान्वयन गर्ने:

१. **विद्यालयबाट दिवा खाजा व्यवस्थापन:**विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खाजा खुवाउने व्यवस्था मिलाउने । यसका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने । यसरी व्यवस्था गर्दा दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्त्वको सुनिश्चिततामा ध्यान पुर्‍याउनुपर्ने छ । विव्यसले अभिभावक आमा समूहमार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको

[1]Energy-FAO (2001); Carbohydrates, protein and fat-WHO (2003); Fibre, vitamins and minerals- IOM (1997–2000–2001)

व्यवस्था मिलाउन सक्ने छ । विद्यालयमा नै तोकिएका कक्षासम्मका बालबालिकाहरूलाई दिवा खाजा खुवाउने प्रबन्ध मिलाउने । दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने ।

साथै विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अभिभावक आमा समूहमार्फत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवा खाजा तयार गराई खुवाउने व्यवस्था मिलाउन सक्ने छ । खाजाका लागि आवश्यकपर्ने मात्रा, स्वच्छता र पोषक तत्त्वका सुनिश्चितताका सम्बन्धमा आमा समूहलाई अभिमुखीकरण गर्नुपर्ने छ । यसरी खाजा व्यवस्थापन गर्दा व्यवस्थापन समितिले नियमित अनुगमन गर्नुपर्ने छ ।

**२. विद्यालय व्यवस्थापन समितिको भूमिका**

विद्यालयमा समग्र व्यवस्थापनको मुख्य जिम्मेवारी कानुनी रूपमै विद्यालय व्यवस्थापन समितिको हुने भएकाले मापदण्डअनुसारको गुणस्तरीय खाजा उपलब्ध गराउनेजिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिकोहुने छ । समितिको जिम्मेवारी निम्नानुसार हुने छ:

१. विद्यालय दिवा खाजा कार्यक्रमको कार्ययोजना निर्माण गर्ने सो अनुरूप कार्यान्वय गर्ने,
२. विद्यालयमा तोकिएको मापदण्ड अनुरूपको मात्रा, स्वच्छता र पोषक तत्त्वयुक्त दिवा खाजा व्यवस्थापनको सुनिश्चितता गर्ने,
३. खाजा तयारी, व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरूको संलग्नता र सहभागिता सुनिश्चित गर्ने,
४. विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने,
५. शिक्षण सिकाइको समय न्यून हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संग्नतालाई सकभर हटाउने,
६. स्थानीय कृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री उपलब्ध हुने व्यवस्था मिलाउने,
७. दिवा खाजा व्यवस्थापनमा देखापरेका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्ने,
८. प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनुपूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्बन्धमाअभिभावक आमा समूह र शिक्षक स्टाफबिच समीक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

ग) उल्लिखित जुनसुकै मोडेलबाट दिवा खाजा व्यवस्थापन गरिए पनि विद्यालयमा स्थानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराउने व्यवस्था मिलाउने । चाउचाउ, बिस्कुट लगायत प्याकेटमा आउने कुनै पनि किसिमका जङ्क फुड दिवा खाजाका रूपमा प्रयोग गर्न पाइने छैन ।